जि.प्रशा.का.दर्ता नं. १७१/०८०/८१

"निष्पक्ष जनपक्षीय सवालको निर्भीक आवाज"

# संवाहक

राष्ट्रिय दैनिक Samvahak National Daily

सूचना

संवाहक राष्ट्रिय दैनिकको लागि स्तरीय लेख, रचना, फिचर, प्रेस विज्ञप्ति, आदि प्रेषित गर्न चाहनु हुन्छ भने कृपया विज्ञापनको लागि फोन नं.: ९८०६८१४३०२ मा प्रेषित गर्नुहोला।

वर्ष : ३ | अंक : २३७ | २०८२ साल चैत्र ०९ गते, सोमबार | Monday, Mar.– 23 2026 | मूल्य रु. ५/- | पृष्ठ : ४

## तोरीदेखि माछासम्म खुला तस्करी : सिम्रौनगढ–बंकुल नाका "सेटिङ"को अखडा

***संवाहक सम्वादाता-८चैत्र, कलैया***

बाराको सिम्रौनगढ र रौतहटको बंकुल नाका क्षेत्रमा पछिल्लो समय संगठित रूपमा तस्करी बढ्दै गएको तथ्य बाहिर आएको छ। स्थानीय स्रोतका अनुसार सुरक्षाकर्मीको कथित मिलेमतोमा तोरीदेखि काजु, कपडा, माछा, फूल तथा खाद्यान्नसम्मका सामान अवैध रूपमा भित्र्याउने क्रम तीव्र बनेको छ।



भारतमा सस्तो पाइने तोरी (सरसो) नेपाली बजार र तेल उद्योगमा उच्च मूल्यमा बिक्री हुने भएकाले तस्करीको मुख्य वस्तुका रूपमा स्थापित भएको देखिन्छ। यससँगै चना, बदाम, कुखुराको चल्ला लगायतका सामग्री पनि ठूलो परिमाणमा भित्रिने गरेको छ।

सिम्रौनगढ क्षेत्रका झरोखर, मुहुअवा, अठमोहान, अगरवा, खजानी लगायतका नाकाबाट मोटरसाइकल मार्फत तोरी भित्र्याइ कवलपुर क्षेत्रका बगैंचामा अस्थायी रूपमा भण्डारण गरिन्छ। त्यसपछि कंकालीमाई मन्दिर नजिकका गोला गोदाममा स्टक राखी ट्रकमार्फत पहाडी जिल्लातर्फ पठाइने गरेको स्रोतको दाबी छ। दैनिक रूपमा दर्जनौं मोटरसाइकल र ट्रक प्रयोग गरी यो काम हुने गरेको स्थानीय बताउँछन्।

यसैगरी पचरौता नाका अन्तर्गत पथलवा घाट, पिपरपाती लगायतका क्षेत्रमा कपडा, खाद्यान्न र कुखुराको चल्ला निर्वाध रूपमा वारिपारि ओसारपसार भइरहेको छ। "रातदिन भरिया, मोटरसाइकल र ट्रकमार्फत सामान लैजाँदा पनि नियन्त्रण प्रभावकारी छैन," एक स्थानीयले गुनासो गरे।

यता रौतहटको बंकुल नाकाबाट माछा र फूलको तस्करी तीव्र बनेको छ। मध्यरातिदेखि बिहानसम्म 'लाइन क्लियर' गरिएको समयमा भारतीय मोटरसाइकलको लामो लर्कोले सामान भित्र्याउने गरेको एक भरियाले नाम नबताउने सर्तमा बताए। ती सामग्रीहरू मौलापुर र कटहरिया क्षेत्रमा भण्डारण गरी त्यसपछि देशका विभिन्न भागमा

बाँकी तेस्रो पृष्ठमा

## सामुदायिक बनको धन तस्करीको जालो: कलैयाका स मिलमा अबैध काठको ठूलो भण्डारण

***संवाहक सम्वादाता-८चैत्र, कलैया***

बाराको कलैया क्षेत्रमा अवैध काठको व्यापार तीव्र बन्दै गएको छ। स्थानीय र सरकारी स्रोतका अनुसार दर्जनौं स मिलमा सामुदायिक बन, जंगली साल, सखुवा र अन्य उच्च मूल्यका रुखको हजारौं क्यु फिट काठ भण्डारण गरिएको छ। यो अवैध व्यापारले नेपालको हरियो धन विना नियन्त्रण नष्ट भइरहेको छ भने कानूनी ढाँचामा उपभोक्तालाई उपलब्ध हुनुपर्ने काठ बाहिरिँदै तस्करीको बाटोमा जाने गरेको पुष्टि भएको छ।





स्रोतका अनुसार, सरकारी नीति अनुसार सामुदायिक बन आवश्यकताभन्दा बढी निकाल्न नपाइने र प्रति परिवार ३० क्यु फिट पुरानो लिलामी काठ वितरण हुने व्यवस्था छ। तर, जंगलबाट काठ चोरी गरेर मिलमा पुर्याउने र त्यसबाट निजी नाफा कमाउने प्रवृत्ति रोकिएको छैन। "काठ सिधै जंगलबाट कमिशनको आधारमा चिरान मिलसम्म ल्याइन्छ, उपभोक्ताले पाउने सक्दैनन्," एक स्थानीय व्यापारीले बताए।

साथै, सरकारी निकाय र वन संरक्षण समितिको मौनता यस अपराधमा सहअस्तित्व भएको संकेत गरेको छ। तथ्यांक अनुसार, सामुदायिक बनको सुरक्षा र वितरणको जिम्मेवारी रहेका निकायले अवैध भण्डारणको अनुगमन नगर्दा वन नष्ट हुने दरमा वृद्धि भएको छ।

काठ तस्करीको यो जालोले न केवल स्थानीय प्राकृतिक सम्पत्ति नष्ट गरिरहेको छ, तर वैध व्यापारी र


बाँकी तेस्रो पृष्ठमा

## कलैया बजार क्षेत्रमा लामखुट्टे नियन्त्रण अभियान: फगिङ स्प्रे सुरु

***संवाहक सम्वादाता-८चैत्र, कलैया***

प्रारम्भसँगै कलैया बजार क्षेत्रमा लामखुट्टे नियन्त्रणका लागि कलैया उपमहानगरपालिकाले आइतबार पनज औषधी स्प्रे (फगिङ) अभियान जारी राखेको छ।





यसअघि केवल पम्प स्प्रे मार्फत लामखुट्टे नियन्त्रण हुँदै आएको भए पनि, यस पटक बिहान पम्प स्प्रे र साँझ फगिङ दुवै विधि अपनाएर अभियानलाई तीव्रता दिइएको छ। उपमहानगरपालिकाका अधिकारी अनुसार, बिहान लार्भा अवस्थाका लामखुट्टे नियन्त्रण गरिनेछ भने साँझ वयस्क लामखुट्टेलाई फगिङमार्फत नष्ट गर्ने योजना बनाइएको छ। अभियान अन्तर्गत २७ वटै वडामा विषादी छर्ने तालिका तयार गरिएको छ।

कलैयामा चिसो मौसम सकिएपछि र वर्षायामको प्रारम्भमा लामखुट्टेको संख्या बढ्ने गर्दछ। यसलाई मध्यनजर गर्दै उपमहानगरपालिकाले वर्षमा दुई पटक नियमित रूपमा लामखुट्टे नियन्त्रण कार्यक्रम सञ्चालन गर्दै आएको छ।

नगरप्रमुख बिनोद साहले नागरिकलाई सचेत गर्दै भने, "डेंगु र मलेरिया जस्ता रोग फैलिन नदिन

बाँकी तेस्रो पृष्ठमा

## चैती छठ पर्व आईतवार देखि विधिवत सुरु, पहिलो दिन "नहाय-खाय" विधि

***संवाहक सम्वादाता-८चैत्र, कलैया***

कलैया - वीरगञ्जसहित तराई-मधेसका विभिन्न जिल्लाहरूमा आजदेखि श्रद्धा र निष्ठाका साथ चैती छठ पर्व विधिवत् सुरु भएको छ। यो पर्व चैत शुक्ल चतुर्थीदेखि सप्तमीसम्म चार दिनसम्म विभिन्न विधि र नियमहरू पालना गर्दै मनाइन्छ।





पर्वको पहिलो दिन व्रतालुहरूले 'नहाय-खाय' विधिबाट आरम्भ गर्दैछन्। यस दिन पवित्र स्नान गरी शुद्ध भएपछि व्रतको सङ्कल्प लिइन्छ। व्रतालुहरूले चोखो र सात्त्विक खानेकुरा मात्र ग्रहण गर्छन्, जस्तै लौकीको तरकारी, चना दाल, चामल आदि। यस विधिले शरीर र मन दुवैलाई शुद्ध बनाउँछ र आगामी दिनका कठोर व्रतका लागि तयारी गराउँछ।

छठ पर्व सूर्य देवता र सूर्य पत्नी षष्ठी माताको उपासनासँग सम्बन्धित छ। यस पर्वलाई वर्षमा दुई पटक मनाइन्छ–शरद ऋतुमा कार्तिक शुक्ल चौथीदेखि सप्तमीसम्म (कार्तिक छठ) र वसन्त ऋतुमा चैत शुक्ल चौथीदेखि सप्तमीसम्म (चैती छठ)।

मधेस प्रदेशमा चैती छठ पर्वलाई जनस्तरमा व्यापक सहभागितासहितको महापर्वको

बाँकी तेस्रो पृष्ठमा

## हरि खेतान बहुमुखी क्याम्पस: सहमति पछि विद्यार्थीहरूको आन्दोलन स्थगित

***८ चैत्र,वीरगञ्ज,***

पर्सा - वीरगञ्ज-१० स्थित हरि खेतान बहुमुखी क्याम्पसमा व्यवस्थापन र शिक्षकबीच लामो समयदेखि चलिरहेको द्वन्द्वका कारण आइतबार कक्षा ११ र १२ को परीक्षा स्थगित भएपछि विद्यार्थीहरू सडकमा प्रदर्शनमा उत्रिएका थिए।

तर, प्रशासन र क्याम्पस पक्षसँग भएको सहमति पश्चात् आन्दोलन स्थगित गरिएको छ।

परीक्षा दिन क्याम्पस पुगेका विद्यार्थीहरूलाई मुख्य गेटमै रोकेर परीक्षा हुन नसक्ने जानकारी दिइएपछि उनीहरू बिहानैदेखि सडकमा निस्केका थिए। प्रदर्शनको क्रममा स्थिति तनावपूर्ण बनेको थियो र प्रहरीले लाठी चार्ज गर्नुपरेको थियो। यस क्रममा तीन जना विद्यार्थी नियन्त्रणमा लिइएका थिए भने एक विद्यार्थी घाइते भएका थिए। विद्यार्थीहरूले नाराबाजी गर्दै घण्टाघर चोकमा सडक अवरुद्ध पारेर केहीले टायर बाल्ने प्रयास गरेका थिए भने नजिकैको जिल्ला प्रशासन कार्यालय पुग्ने प्रयास रोकिँदा फर्केर क्याम्पस अगाडि प्रदर्शन जारी राखिएको थियो। प्रदर्शनका क्रममा क्याम्पसको बसमा तोडफोड भएको र फुटपाथमा रोपिएका केही रुख-बिरुवा भाँचिएका थिए।

कक्षा १२ का विद्यार्थी ओशश साहले भने, "विगत एक वर्षदेखि

बाँकी तेस्रो पृष्ठमा

## बारामा नाबालिकामाथि अनैतिक गतिविधिको आरोपमा ७० वर्षीय वृद्ध पक्राउ

***संवाहक सम्वादाता-८चैत्र, कलैया***

बारा जिल्लाको जितपुरसिमरा उपमहानगरपालिका वडा नं. ७ स्थित जितपुर टोलमा १३ वर्षीया नाबालिकामाथि अनैतिक कार्य गरेको आरोपमा ७० वर्षीय लकिचन्द साह कलवार पक्राउ परेका छन्।



ईलाका प्रहरी कार्यालय सिमराका अनुसार, पक्राउ प्रक्रिया गएराति कलवारको पसलबाट सम्पन्न गरिएको हो। पक्राउ परेपछि उनलाई नियन्त्रणमा लिई थप अनुसन्धान शुरु गरिएको छ।

प्रहरी नायब उपरीक्षक दिलीप क्षेत्रीले घटनाबारे जानकारी दिँदै भने, "कलवारमाथि थप प्रमाण संकलन र कानुनी प्रक्रिया अघि बढाउन अनुसन्धान भइरहेको छ। सम्बन्धित बालबालिकाको सुरक्षालाई सुनिश्चित गर्दै आवश्यक कारवाही अगाडि बढाइँदैछ।"

बाँकी तेस्रो पृष्ठमा

"सत्य वस्तुत अन्त सम्म नै सत्य नै रहन्छ !"
- सेक्सपियर

प्रकाशक/सम्पादक
पन्नालाल दास
सम्पर्क नं.:- ९८४५२१७०१९
९८०६८१४३०२

सह-सम्पादक
मुन्ना कुमार

सामाचार सम्पादक
सरोज दास

कानुनी सल्लाहकार
परमहंस केशरी/
श्याम बिहारी कुशवाहा

कम्प्यूटर सेटिङ्ग
म. फरिद

Email: samvahakdaily1@gmail.com
Website: samvahakdaily.com

प्रधान कार्यालय:
कलैया उपमहानगरपालिका
शाखा कार्यालय: कलैया-१, बारा

मुद्रक: शुभ लक्ष्मी अफसेट प्रेस, वीरगंज

# सम्पादकीय .......

## नतिजा लुकाएर लाइसेन्स बाँड्ने खेल : प्रमुखकै मौनताले गहिरिएको शंका

बिरगञ्जस्थित यातायात व्यवस्था कार्यालयमा देखिएको लाइसेन्स वितरणसम्बन्धी अनियमितता अब सामान्य प्रशासनिक कमजोरीको दायराभन्दा बाहिर पुगेको छ। लिखित तथा ट्रायल परीक्षा सकिएको दिनौं बितिसक्दा पनि नतिजा सार्वजनिक नगरिनु आफैंमा गम्भीर प्रश्न हो। तर यस प्रकरणलाई झनै संवेदनशील बनाएको छ–कार्यालय प्रमुख कुशेश्वर साह को भूमिकामाथि उठेका प्रश्नहरूले।

कार्यालय प्रमुखको हैसियतमा सम्पूर्ण प्रक्रिया पारदर्शी, समयमै र निष्पक्ष ढंगले सम्पन्न गराउने जिम्मेवारी साहकै हो। तर नतिजा रोकिएको अवस्थाबारे कुनै स्पष्टता नदिनु, सार्वजनिक रूपमा जवाफदेह नहुनु र आरोपहरूबारे मौन बस्नुले शंका झनै गहिरिएको छ। के यो केवल प्रशासनिक ढिलाइ हो, कि योजनाबद्ध 'सेटिङ' लाई सहज बनाउने रणनीति?

सेवाग्राही र स्थानीय स्रोतका अनुसार नतिजा लुकाउने यही समयलाई प्रयोग गरेर विचौलियामार्फत रकम असुली भइरहेको छ। 'फेल' भएका वा ट्रायलमै सहभागी नभएका व्यक्तिलाई समेत पैसाको आधारमा 'पास' गराइने आरोपले यो प्रकरणलाई गम्भीर बनाएको छ। यदि यस्तो भइरहेको छ भने, त्यसको प्रत्यक्ष जिम्मेवारीबाट कार्यालय प्रमुख पन्छिन सक्दैनन्।

लाइसेन्स वितरणमा हुने यस्तो हेरफेरले केवल आर्थिक अनियमितता मात्र होइन, सडक सुरक्षामाथि गम्भीर संकट निम्त्याउँछ। अयोग्य चालकलाई लाइसेन्स दिनु भनेको दुर्घटनाको जोखिम बढाउनु हो। यस्तो अवस्थामा प्रमुखकै मौनता वा संलग्नता–दुवै नै समान रूपमा चिन्ताजनक छन्। झन्, ट्राफिक प्रहरीसमेतको मिलेमतोको आरोपले राज्यका सुरक्षात्मक संयन्त्रहरूमाथि नै प्रश्न खडा गरेको छ। यदि नियमन गर्ने निकायहरू नै अनियमिततामा जोडिन्छन् भने, नागरिकले न्याय र सुरक्षा कसरी अपेक्षा गर्ने?

अब आवश्यक छ–स्पष्टता र उत्तरदायित्व। किन नतिजा सार्वजनिक भएन? कसको निर्देशनमा ढिलाइ भयो? कति जनालाई फर्जी रूपमा पास गरियो? यी प्रश्नहरूको जवाफ दिनु प्रमुख कुशेश्वर साह कै कर्तव्य हो। यस सन्दर्भमा अख्तियार दुरुपयोग अनुसन्धान आयोग ले तत्काल निष्पक्ष छानबिन अघि बढाउनुपर्छ। यदि आरोप पुष्टि हुन्छन् भने, उच्च पदमा बसेको व्यक्ति भए पनि कारबाहीबाट उन्मुक्ति दिनु हुँदैन। प्रशासनको विश्वास मौनताले होइन, पारदर्शिता र जवाफदेहिताले जितिन्छ। यदि प्रमुख स्वयं विवादको केन्द्रमा पर्छन् र स्पष्टता दिन असफल हुन्छन् भने, त्यो केवल व्यक्तिगत असफलता होइन–पूरै प्रणालीको विश्वसनीयतामाथि गम्भीर आघात हो।

# अक्करमा विश्व अर्थतन्त्र



चित्र: एआई

> सुन र डलरको भाउ उच्च हुँदै जानु भनेको अर्थतन्त्रको लगानी अनुत्पादक क्षेत्रतिर अग्रसर हुनु हो। यो अवस्थालाई समेत आत्मसात् गर्दै अगाडि बढेको अर्थतन्त्र फेरि पश्चिम एसियाको युद्धले चर्को मारमा परेको छ। तीन साताअघि चर्केको युद्धले इन्धनको भाउ अकासिएको छ। एसिया र युरोपमा ग्यास आपूर्ति कठिन हुन थालेको छ।



जुनारबाबु बस्नेत

तीन महिनाअघि विश्व बैङ्कले आगामी वर्षसम्मको अर्थतन्त्रको मार्गचित्र प्रक्षेपण गरेको थियो । विश्व आर्थिक परिदृश्य अर्थात् ग्लोबल इकोनोमिक प्रोस्पेक्ट्समा विश्वव्यापी उत्पादन वृद्धिको अर्थशास्त्रीय सम्भावना दिइएको थियो । अध्ययन अनुसार यो वर्ष अर्थात् २०२६ मा कुल उत्पादन केही घट्ने अपेक्षा गरियो । गत वर्ष सन् २०२५ को २.७ प्रतिशत रहेको विश्वको कुल गार्हस्थ उत्पादन औसतमा यो वर्ष सामान्य घटेर २.६ प्रतिशतमा सीमित हुने प्रक्षेपण गरेको थियो। आगामी वर्ष २०२७ मा भने पुनः २.७ प्रतिशतमा फर्किने अपेक्षा गरेको थियो। पाँच छ वर्षअघिको कोरोना भाइरसको विश्वव्यापी प्रकोपले विश्व अर्थतन्त्र नराम्ररी दुष्प्रभावित भएपछि सङ्कटको शृङ्खला रोकिएन। श्रीलङ्का जस्ता पर्यटनमा आधारित अर्थतन्त्र भएका मुलुक त टाट नै पल्टन पुगे। कोरोनाबाट माथि उठ्न खोज्दै गर्दा रुसले युक्रेनमाथि गरेको अतिक्रमणपछि युद्ध जारी रह्यो । त्यसले विश्व आपूर्ति प्रणाली महँगो बनायो। आपूर्ति व्यवस्थामा गम्भीर असर मात्र पारेन, महँगी उचाइतिर लग्यो। त्यसलाई पनि धान्दै अगाडि बढेको विश्व अर्थतन्त्र अहिले पश्चिम एसियाको युद्ध र अशान्तिले गम्भीर मोडमा पुगेको छ। इन्धनको भाउ विश्वभर नै बढेको छ। कुरूप अक्करतिर अग्रसर अर्थतन्त्रको दिशाले लगानी, आय, उत्पादन र रोजगारीमा प्रतिकूल दुष्प्रभावको जोखिम निरन्तर बढेको छ। यस्तो अवस्थामा अर्थतन्त्रको देशीय स्वनिर्भरतातर्फ कसरी अग्रसर हुने भन्ने रणनीतिक विमर्श महत्वपूर्ण हुँदै गएको छ।

विश्व अर्थतन्त्रमा लगानी अवरुद्ध यसअघि नै अवरुद्ध छ भन्ने देखिन्छ । अर्थतन्त्र सही दिशातिर अग्रसर हुन कठिन भइरहेको सङ्केत त केही समययता पहेँलो धातुको मूल्य वृद्धि अकार्सिकोले सङ्केत गरेकै थियो । खास गरी अमेरिकामा राष्ट्रपति डोनाल्ड ट्रम्पको पुनरागमनपछि विश्वभर कर विवादले चरम रूप लिन पुग्यो । अमेरिका पहिलो भन्ने नाराका साथ निर्वाचनमा विजयी भएपछि त्यसलाई नै कार्यान्वयन गर्ने दायित्व कार्यकारी प्रमुखमा हुनु स्वाभाविक थियो । त्यसैलाई कार्यान्वयन गर्न विश्व व्यापारलाई अमेरिकी हितलाई मात्र हेर्न मात्र थालिएन, अस्थिर करले विश्वव्यापारलाई असन्तुलन बनायो । त्यसैले हुनु पर्छ, लगानी सुन जस्तो अनुत्पादनक लगानीतिर अग्रसर हुन थाल्यो। सुन र डलरको भाउ उच्च हुँदै जानु भनेको अर्थतन्त्रको लगानी अनुत्पादक क्षेत्रतिर अग्रसर हुनु हो । यो अवस्थालाई समेत आत्मसात् गर्दै अगाडि बढेको अर्थतन्त्र फेरि पश्चिम एसियाको युद्धले चर्को मारमा परेको छ। तीन साताअघि चर्केको युद्धले इन्धनको भाउ अकासिएको छ। एसिया र युरोपमा ग्यास आपूर्ति कठिन हुन थालेको छ। कच्चा तेलको भाउ उचाइतिर जान थालेको छ। अब औद्योगिक उत्पादनमा प्रतिकूल असर पर्ने छ । सेवा क्षेत्र महँगो हुने छ। कृषि उत्पादनमा लागत बढाउने छ।

पश्चिम एसियामा युद्धको असर विश्वभर देखिन सघन हुँदै छ। प्रत्येक परिवारको भान्छासम्म महँगी पुगेको छ। हरेक व्यक्तिको गोजीसम्म युद्धको असर परेको छ । महँगी बढेको छ। वस्तु र सेवामा सामान्यजनको पहुँच कठिन भएको छ। अघिल्लो साता मात्र नेपालमा पनि इन्धनको भाउ बढ्यो । निर्वाचनका लगत्तै इन्धनको भाउ एकै पटक बढाउँदा सर्वसाधारणमा गलत सन्देश जाने भएर हो वा किन ? बढेर आएको भाउको तुलनामा आधा जस्तो मात्र भाउ बढेको छ। अब नेपाली अर्थतन्त्रमा पनि महँगीको शृङ्खला क्रमशः बढ्न सक्ने देखिएको छ। महँगी बढेपछि नेपाली अर्थतन्त्र मात्र होइन, विप्रेणमा आधारित नेपाल नस्ता धेरै अर्थतन्त्रमा पनि प्रतिकूल असर पर्ने देखिएको छ । पश्चिम एसिया अशान्ति र महँगीको मारमा परेको छ। इजिप्ट, कतार, कुवेत, साउदी अरेबिया, संयुक्त अरब इमिरेट्स, जोर्डन, बहराइन, साइप्रस, इरान, इराक, ओमान, लेबनान, इजरायल जस्ता मुलुक युद्धको मारमा परेका छन्। ती मुलुकमा झन्डै १८ लाख नेपाली श्रम गरिरहेका छन्। अन्य विकासशील मुलुकमा पनि लाखौं आप्रवासी कामदारको निद्रा हराउको छ । उच्च महँगीले स्वाभाविक रूपमा नेपाली श्रमिकसमेत मारमा पर्न थालेका छन्। यसले आगामी दिनमा नेपाल जस्ता मुलुकको विप्रेषणमा असर पर्ने देखिएको छ। यो आप्रवासी नेपाली श्रमिकको सामान्य उदाहरण हो । विश्वनै महँगीको मारमा पर्न थालेपछि बहुआयामिक असर पर्ने छ।

अमेरिका/इजरायल-इरान युद्धले साढे तीन सातायता चर्किरहेको छ । युद्धका कारण विश्वको झन्डै २५ प्रतिशत तेल आपूर्ति हुने हर्मुजको जलघाँटी असुरक्षित भएको छ । आपूर्तिमा समस्या आएको छ । इरानको नियन्त्रणमा रहेको यो आपूर्तिमार्गलाई सुरक्षित बनाउन अमेरिकाले युरोपलगायतका देशको सहयोग मागे पनि सहज हुन सकेको छैन । पश्चिम एसियाका देशमा दैनिक उपयोग्य वस्तु तथा सेवामा १० देखि २० प्रतिशत मूल्यवृद्धि भएको छ। युरोपमा ग्यासको भाउ अकासिएको छ । त्यसले आपूर्ति शृङ्खला तोडिएको छ । चार दशकयता पश्चिम एसिया विकासशील मुलुकका श्रमिकको गन्तव्य बनेको थियो । एसिया र अफ्रिकाबाट काम गर्न ठुलो सङ्ख्यामा खाडी मुलुक पुग्ने गरेका थिए । अहिले खाडी तथा पश्चिम एसियाका दर्जनौं मुलुकमा काम अवरुद्ध भएको छ। सूचना प्रविधिका कतिपय काम घरबाटै गरिए पनि श्रममा आधारित काममा ठुलो समस्या आउन थालेको छ। खुला हिँडडुल गर्न पनि समस्या हुन थालेको छ। यसबाट श्रम आपूर्ति गर्ने मुलुकका परिवारको पनि रात राम्ररी बित्न सकेको छैन। ती देशको अर्थतन्त्र स्वयम् अक्करमा परेको छ। बेरोजगारी समस्या अझै चरम अवस्थामा पुग्न सक्ने देखिएको छ।

एक वर्षयता भन्सार शुल्कका कारण सिर्जित व्यापार अवरोधले नै विश्वका धेरै अर्थतन्त्र थिलथिलो भएका थिए। अब युद्धले झनै जटिल र नयाँ समस्या थपिएका छन्, थपिँदै जाने जोखिम पनि बढेको छ । अमेरिकी सर्वोच्च अदालतले अघिल्लो महिना व्यापार करमा लगाम लगाएपछि अमेरिकी कार्यकारीको महत्वाकाङ्क्षामा विराम लागेको थियो। अदालतले विधायिकी सर्वोच्चताको दिशा निर्देश गऱ्यो । कानुनबिना कर लाग्न हुँदैन भन्ने सन्देश थियो । त्यसले विश्व अर्थतन्त्रमा केही सुधार हुने मनोवैज्ञानिक अपेक्षा गरिएको थियो । विश्व बैङ्कलगायतका संस्थाका केही गम्भीर प्रक्षेपण पनि त्यसअघि नै आएका थिए। तीन सातायताको ताजा प्रक्षेपण आएको छैन। तथापि अस्थिरता कायम रहेमा सन् २०२० को दशक १९६० पछिको विश्वव्यापी वृद्धिका लागि सबैभन्दा कमजोर दशक हुन सक्ने अपेक्षा गरिँदै थियो। भियतनाम युद्ध, शीत युद्धलगायतका कारण सन् १९६० को दशकपछि विश्व अर्थतन्त्र कमजोर बनेको थियो । चीन र भारतमा लाखौं लाख मानिस भोकमरीमा परेका थिए। सन् १९७० को दशकमा भारतले अवलम्बन गरेको हरित क्रान्तिले खाद्य सुरक्षा बढाउँदै लग्यो। चीनमा देङको उदय र उदार नीतिको अवलम्बनसँगै तीव्रत्तर आर्थिक विकासले चार दशक निरन्तरता पायो । त्यसको सकारात्मक असर विश्वभर पर्दै गयो । तेलमा आधारित अर्थतन्त्र निर्माण गरेका खाडी देशले भौतिक पूर्वाधारमा तीव्रत्तर विकासको बाटा लियो । दक्षिण कोरिया, सिङ्गापुर, मलेसिया जस्ता मुलुकले लिएको अर्थतन्त्रका तीव्रत्तर विकास अनुकरणीय रह्यो । त्यसले तेस्रो विश्व लाभान्वित हुन थाल्यो । ब्राजिल, अर्जेन्टिना जस्ता मुलुकले विश्वको अर्को गोलार्धमा पनि आर्थिक विकास अगाडि बढाउन सके । उत्तरी गोलार्धको समृद्धि क्रमशः तलतिर विस्तारित हुन थाज्यो। यो युद्धले सबै अर्थतन्त्रलाई फेरि नराम्ररी झट्का दिएको छ।

पश्चिम एसियाको अहिलेको युद्धले विश्व अर्थतन्त्रमा तत्कालीन मात्र होइन, दीर्घकालीन असर पर्ने जोखिम बढाएको छ । इरानी आक्रमणबाट ध्वस्त भएको कतारी तेल प्रशोधन केन्द्र अब फेरि पहिलेकै अवस्थामा आउन पाँच छ वर्ष लाग्ने आकलन छ । इजरायली आक्रमणबाट ध्वस्त इरानी तेल प्रशोधन केन्द्र पुनर्निर्माण अनिश्चित छ । यस्ता अनेक समस्या छन् । अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले युद्ध अब धेरै समय नरहने भने पनि त्यसलाई विश्वास गर्ने अवस्था आइनसकेको विश्वलेषण भइरहेको छ। यो युद्धमा अप्रत्यक्ष रूपमा रुस र चीनको कति सहभागिता छ ? भन्ने विश्लेषणले दीर्घकालीन असरको पाना गन्ती हुनेछ। तीव्रत्तर आर्थिक विकासको बाटोमा रहेका कतिपय मुलुकमा युद्ध प्रभावको गम्भीर असर परेको छ। उदीयमान बजार अवरुद्ध हुँदै छन्। सबैभन्दा बढी दुष्प्रभाव विकासशील देशमा परेको छ। आर्थिक मन्दीले लगानी बजार खुम्चिँदै जाने जोखिम बढेको छ। यसले झनै बेरोजगारी बढ्न सक्ने छ।

विश्व बैङ्कको तीन महिनाअघिको प्रक्षेपण अब सोही अवस्था रहन सक्ने छैन। विश्वका पहिलो र दोस्रो अर्थतन्त्र क्रमशः अमेरिका र चीनको अर्थतन्त्रमै समस्या देखिँदै छ। अमेरिकी कुल गार्हस्थ उत्पादनको वृद्धि सन् २०२६ मा २.२ प्रतिशत पुग्ने प्रक्षेपण अब अवरुद्ध हुने भनिएको छ । इरान निशानामा दैनिक ठुलो धनराशि खर्च भइरहेको छ। पेन्टागनले थप खर्च मागिरहेको छ। युद्धविरोध अमेरिकी जनमत बढिरहेको छ। भियतनाम युद्धदेखि अफगान युद्धसम्म अमेरिकी अर्थतन्त्र र उपभोक्तामा राम्रो प्रभावको अनुभव छैन। चीन पनि आफैं समस्यामा पर्दै थियो। जैविक इन्धनको सबैभन्दा बढी खपत गर्ने चीनमा अझ बढी युद्ध प्रभाव पर्न सक्ने छ। चीनको वृद्धि सन् २०२५ को ४.९ प्रतिशतबाट घटेर सन् २०२६ मा ४.४ प्रतिशतमा झर्ने छ आकलन पहिल्यै आएको थियो। यसमा अझ बढी दुष्प्रभाव देखिन सक्ने छ। चीनले आर्थिक वृद्धिदरको लक्ष्य नै यसअघि घटाइसकेको थियो।

अब अर्थतन्त्रमा युद्धको दुष्प्रभाव न्यून गर्न रणनीतिक विश्लेषण अपरिहार्य बनेको छ । विश्व बैङ्का मुख्य अर्थशास्त्री इन्दरमित गिलले भन्नुभए झैँ सार्वजनिक वित्त र कर्जा बजारलाई क्षति बिना नै आर्थिक गतिशीलता र लचिलोपन अपरिहार्य छ । युद्ध तत्कालै अन्त्य गरिनु अपरिहार्य छ । नीतिगत अस्थिरताले बढिरहेको अनिश्चयमा युद्धबारुद्धको छर्रा फैलिरहेकै छ। उदीयमान बजार र विकासशील अर्थतन्त्रहरूको वृद्धि सन् २०२५ को ४.२ प्रतिशतबाट घटेर २०२६ मा चार प्रतिशतमा खुम्चिने भनिएकोमा पछिल्लो युद्ध प्रभावले तीन प्रतिशतमा सीमित हुने जोखिम छ। निर्वाचनपछि नयाँ जनादेशमा बन्न लागेको नयाँ सरकारका सामुन्ने अर्थतन्त्रलाई स्वनिर्भरतातिर लैजाने चुनौती अझ पेचिलो बन्दै गएको छ। युद्धले अस्त्र निर्माणलगायतका कतिपय भीमकाय कम्पनीबाहेक आमनागरिकको जीवनमा अँध्यारो नै ल्याउने छ। भान्सामा अभावको थुप्रो लाग्ने छ। गोजीमा आय घट्ने छ । लगानीमा विराम लाग्दै जाने हुँदा रोजगारी थप खुम्च्याउने छ। आय र उत्पादन घट्ने छ र त्यसले महँगी बढाउने छ। यी सबै कारणले अर्थतन्त्र थप अक्करमा पर्ने हुँदा अविलम्ब युद्ध अन्त्यमा जनमत बलियो बनाउनु वाञ्छनीय छ।

# अन्तर्राष्ट्रिय, मनोरञ्जन तथा खेलकुद समाचार

## द्वन्द्व अन्त्यका लागि इरानका छ सर्त

***बेरुत, चैत ८ गते ।***
तेहरानले अमेरिका-इजरायली आक्रमणको प्रतिक्रियामा पूर्व-योजनाबद्ध, बहु-चरणीय रणनीति बनाइरहेको र द्वन्द्व अन्त्यका लागि छवटा सर्तहरू राखेको इरानका एक वरिष्ठ अधिकारीले आइतबार बताएका छन् ।

नाम नबताउने सर्तमा ती अधिकारीले भन्नुभयो, "महिनौं पहिले तयार गरिएको रणनीति 'उच्च रणनीतिक धैर्यताका साथ' कार्यान्वयन भइरहेको छ।

इरानले आफ्नो पूर्वाधार, सेवा सुविधा र रणनीतिक स्थानहरूमा आक्रमण गरेपछि चाँडै युद्धविराम हुने अपेक्षा नगरेको पनि अधिकारीले बताए।

धेरै क्षेत्रीय अभिनेता र मध्यस्थकर्ताहरूले द्वन्द्व अन्त्यका लागि उपायहरू प्रस्ताव गरेका छन्, ती अधिकारीले भन्नुभयो ।



तेहरानले कुनै पनि सम्झौताअघि नयाँ आक्रमण नहुने सुनिश्चितता, यस क्षेत्रमा अमेरिकी आधार बन्द गर्ने, इरानलाई क्षतिपूर्ति, क्षेत्रीय मोर्चामा शत्रुताको अन्त्य, 'स्ट्रेट अफ हर्मुज'का लागि नयाँ कानुनी ढाँचा र इरानप्रति शत्रुतापूर्ण मानिने मिडिया र व्यक्तित्वहरू विरुद्ध कानुनी कारबाहीसहित पूरा गर्नुपर्ने छवटा सर्त राखेको छ ।

फेब्रुवरी २८ मा इजरायल र अमेरिकाले तेहरान र अन्य इरानी शहरहरूमा संयुक्त आक्रमण गर्दा इरानका तत्कालीन सर्वोच्च नेता अली खामेनी, वरिष्ठ सैन्य कमान्डर र नागरिकहरू मारिए। इरानले यसको इजरायल र मध्यपूर्वमा अमेरिकी आधार र सम्पत्तिलाई लक्षित गरी मिसाइल र ड्रोन आक्रमणको श्रृङ्खलासहित प्रतिक्रिया दिएको थियो ।

## अमेरिकी-इरानी तनाव : ट्रम्पले दिए ४८ घण्टे अल्टिमेटम

***वासिङ्टन, चैत ८ गते ।***
अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले शनिबार यदि इरानले ४८ घण्टाभित्र होर्मुज सत्र पूर्ण रूपमा खुला नगरे, अमेरिकाले इरानी पावर प्लान्टहरू ध्वस्त पार्ने चेतावनी दिनुभएको छ । उहाँले आफ्नै सामाजिक सञ्जालमा लेख्नुभयो, "सबैभन्दा ठुलो पावर प्लान्टदेखि सुरु गरेर सबै ध्वस्त पारिने छ ।"

होर्मुज सत्र विश्वव्यापी ऊर्जा र व्यापार मार्गको लागि अत्यन्त महत्त्वपूर्ण छ । यस मार्गबाट विश्वको करिब एक-पाँचौं तेल र प्राकृतिक ग्यास आपूर्ति हुन्छ । क्षेत्रीय तनाव हाल उच्च स्तरमा पुगेको छ ।

इरानको मुख्य सैन्य कमान्डले चेतावनी दिँदै यदि यसको ऊर्जा पूर्वाधारमा हमला गरियो भने संयुक्त राज्य अमेरिका र इजरायली ऊर्जा, सूचना प्रविधि र जलमिटान पूर्वाधारमा प्रतिकार गरिने जनाएको छ ।

ट्रम्पको धम्की त्यतिबेला



आएको हो, जब उहाँले गत शुक्रबार अमेरिकी सेना मध्यपूर्वमा सञ्चालन कम गर्ने विषय विचार गर्दै रहेको बताउनुभएका थिए । तर उहाँले तेहरानसँग कुनै युद्धविराम गर्ने तयारी नगरेको पनि स्पष्ट पार्नुभएको छ ।

साथै, संयुक्त अमेरिकी( इजरायली अभियान चारौं साता प्रवेश गरेको छ, जसले विश्वव्यापी जल यातायातमा अवरोध ल्याएको छ र तेलको मूल्यमा तीव्र वृद्धि भएको छ । तेलको मूल्य करिब ५० प्रतिशतले बढेको छ । अमेरिकाको खजाना विभागले ३० दिनका लागि इरानी तेलमाथि प्रतिबन्ध अस्थायी रूपमा हटाएको छ, ताकि होर्मुज सत्रमा अवरोधका कारण तेल आपूर्ति प्रभावित नहोस्।

इरानी परराष्ट्रमन्त्रीले भन्नुभयो, "सत्र बन्द गरिएको छैन, तर विरोधी देशका जहाजमा केही प्रतिबन्ध लगाइएको छ। इरान अन्य देशका जहाजलाई सुरक्षित रूपमा मार्ग प्रशस्त गर्न तयार रहेको पनि उनले बताएका छन् ।"

## तोरीदेखि ...

पठाइने गरिएको आरोप छ।
चिन्ताजनक कुरा के छ भने तस्करी हुने अधिकांश स्थान नजिकै सशस्त्र प्रहरी बल नेपाल र नेपाल प्रहरीको उपस्थिति हुँदाहुँदै पनि गतिविधि नियन्त्रणमा आउन सकेको छैन। यसले सुरक्षाकर्मीको भूमिकामाथि गम्भीर प्रश्न उठाएको छ।
तस्करीकै कारण छोटी भन्सार कार्यालय सिम्रौनगढ क्षेत्रमा प्रभावहीन बन्दै गएको छ। वैध रूपमा कर तिरेर व्यापार गर्ने व्यापारीहरू प्रतिस्पर्धामा टिक्न नसक्ने अवस्थामा पुगेका छन् भने किसानहरूले उत्पादनको उचित मूल्य पाउन सकेका छैनन्।
यसअघि बसवरिया सीमा क्षेत्रमा प्रहरी र तस्करबीच झडपसमेत भएको थियो, जसले समस्या पुरानो र गहिरो रहेको संकेत गर्छ।
सरकार गठनको संक्रमणकालीन अवस्थाको फाइदा उठाउँदै तस्करी अझ बढाइएको स्थानीयको दाबी छ। "पछि कडाइ हुन सक्छ भनेर अहिले खुलेआम कमाउने दौड चलेको छ," एक स्रोतले भन्यो।
सीमामा २४ सै घण्टा सुरक्षा व्यवस्था हुँदाहुँदै पनि यस्तो गतिविधि मौलाउनु गम्भीर विषय बनेको छ। स्थानीयले उच्चस्तरीय छानबिन गरी संलग्न तस्कर र सुरक्षाकर्मीमाथि कडा कारबाही गर्न माग गरेका छन्।

## कलैया ...

अभियान निरन्तर जारी राखिएको छ। घर वरपर पानी जम्न नदिने, सरसफाइमा ध्यान दिने र लामखुट्टे नियन्त्रणमा सक्रिय सहभागी हुन सबै नागरिकलाई अनुरोध गर्दछु।"
विशेषज्ञहरूले पनि वायु तथा पम्प स्प्रे विधि प्रभावकारी भए पनि, समुदायको सक्रिय सहभागिता आवश्यक रहेको बताउँदै डेंगु र मलेरियाबाट बच्न घर वरपर सरसफाइको महत्त्व औंल्याएका छन्।
अभियान मुख्य रूपमा कलैया बजार क्षेत्र, भरत चोक र आसपासका टोलमा केन्द्रित गरिएको छ, र उपमहानगरपालिकाले नियमित अनुगमन गर्दै नागरिकलाई लामखुट्टे नष्ट गर्न सहयोग गर्न आग्रह गरेको छ।

## सामुदायिक ...

उपभोक्तामा असन्तुष्टि फैलाएको छ। स्थानीय वन संरक्षक र प्रहरी प्रशासनले तत्काल छानबिन गरी दोषीलाई कारबाही गर्नुपर्ने दबाब बढेको छ।
विशेषज्ञहरूले चेतावनी दिएका छन्, "यदि तुरुन्त नियमन र अनुगमन नगरीयो भने, जंगलको जैविक विविधता र स्थानीय अर्थतन्त्र दुवै जोखिममा पर्छ।"
यससँगै कलैयाका स मिलको अबैध काठ भण्डारणको विवरण सार्वजनिक गर्दै, सरकार र सम्बन्धित निकायलाई कारबाहीका लागि सघन निगरानी र छानबिनमा जुट्न स्थानीयले माग गरेका छन्।

## चैती ...

रूपमा मनाइन्छ। पर्वका मुख्य दिनहरू र तिनका धार्मिक विधिहरू यस प्रकार छनः
नहाय-खाय - पहिलो दिन पवित्र स्नान गरी सात्त्विक खाना ग्रहण।
खरना - दोस्रो दिन दिनभरि पूर्ण उपवास बसेर राति सख्खरमा पकाएको खीर ग्रहण।
षष्ठी तिथि - निराहार (पानीसमेत नखाने) उपवास बसेर साँझ अस्ताउँदो सूर्यलाई घाटमा अर्घ्य।
सप्तमी तिथि - बिहान उदाउँदो सूर्यलाई घाटमै अर्घ्य दिई व्रत समापन, जसलाई 'भोर घाटको अर्घ' वा 'पारन' भनिन्छ।
अर्घ्य दिने क्रममा व्रतालुहरूले ठेकुवा, केरा, उखु, सुन्तला, निमुवा, बोडी, सुथनी, मुला लगायत फलफूल र हरियो तरकारी सूर्यतर्फ प्रस्तुत गर्छन्। धार्मिक विश्वासअनुसार यस व्रतले हरेक मनोकाङ्क्षा पूरा हुने, छालाजन्य रोग नलाग्ने र समग्र स्वास्थ्य लाभ मिल्ने जनविश्वास रहेको छ।
पर्व मुख्यतः महिलाहरूले व्रत बसेर मनाए पनि पुरुषहरू पनि सहभागी हुन्छन्। चैती छठ पर्वले पारिवारिक एकता, सूर्यको महत्व, प्राकृतिक उत्पादनको प्रयोग र पर्यावरण संरक्षणलाई प्रवर्द्धन गर्ने धार्मिक र सांस्कृतिक दृष्टिकोणबाट महत्त्वपूर्ण मानिन्छ।

## बारामा ...

स्थानीयवासीहरूले घटनाप्रति चासो व्यक्त गर्दै छिटोभन्दा छिटो कानुनी कारबाहीको माग गरेका छन्। यसअघि पनि जिल्लामा यस्ता घटनाहरू घट्दा समुदायमा आक्रोश बढ्दै आएको स्थानीय स्रोतहरूले बताएका छन्। बालबालिका संरक्षणमा केन्द्रित सरकारी निकाय र प्रहरी संयोजनमा आगामी दिनमा यस्ता घटनाको अनुसन्धानमा कडाइ थपिने जानकारी दिइएको छ।

## हरि खेतान

व्यवस्थापन र शिक्षकबीचको द्वन्द्वका कारण आन्तरिक परीक्षा समेत हुन सकेको छैन। पढाइ प्रभावित भएको छ र हाम्रो भविष्य जोखिममा परेको छ। परीक्षा दिनबाट वञ्चित भएकाले सडकमा प्रदर्शन गर्न बाध्य भयौं।"
ठाकुरराम बहुमुखी क्याम्पसका स्ववियु सभापति राजकुमार यादवले भने व्यवस्थापन-शिक्षक द्वन्द्वले क्याम्पसलाई निजीकरणतर्फ लैजाने प्रयास भइरहेको र विद्यार्थीको शैक्षिक जीवन जोखिममा परेको बताए।
क्याम्पस सञ्चालक समितिका सल्लाहकार जयप्रकाश खेतानले भने शिक्षकहरूले नाजायज माग राखेर आन्दोलन गरेको र विद्यार्थीलाई उचालेको आरोप लगाएका छन्।
दिनभर चलेको प्रदर्शनपछि साँझ प्रमुख जिल्ला अधिकारी भोला दाहालको रोहबरमा क्याम्पस व्यवस्थापन, शिक्षक प्रतिनिधि र विद्यार्थी अगुवाबीच बैठक बसेको थियो। बैठकमा तीन मुख्य निर्णय भएका छनः
स्थगित परीक्षा र नियमित पठनपाठन तत्काल सञ्चालन गरिने।
आन्दोलनका क्रममा घाइते भएका विद्यार्थीहरूको उपचारको व्यवस्था क्याम्पस प्रशासनले मिलाउने।
विद्यार्थीका बाँकी माग तथा समस्याहरूको समाधानका लागि सोमबार पुनः बैठक बस्ने।
यस घटनाले व्यवस्थापन-शिक्षक द्वन्द्वले विद्यार्थीहरूको शैक्षिक जीवनमा पार्ने गम्भीर प्रभाव स्पष्ट गरेको छ। सहमति पछि आन्दोलन स्थगित भए पनि समुदाय र सरोकारवालाहरूले

## पोखरा ...

अस्वाभाविक रूपमा बढाइएको, दोहोरो बजेटिङ गरिएको तथा परामर्श सेवाका नाममा उपकरण खरिद गरिएको समेत आरोपपत्रमा उल्लेख गरिएको छ। अख्तियारका अनुसार, यस्ता निर्णयहरू नियोजित रूपमा गरिएको देखिएको छ।
अख्तियारले मुख्य अभियुक्तका रूपमा रहेका केदारबहादुर अधिकारी विरुद्ध पूर्ण बिगो दाबी गरेको छ भने अन्य प्रतिवादीहरूका हकमा आ-आफ्नो संलग्नताअनुसार फरक-फरक बिगो माग गरिएको छ।
यस प्रकरणले राष्ट्रिय गौरवका आयोजनाहरूमा पारदर्शिता र सुशासनको अवस्था कस्तो छ भन्ने गम्भीर प्रश्न उठाएको छ। साथै सार्वजनिक निकायहरूले आफ्नै नियम विपरीत निर्णय गर्दा राज्यलाई ठूलो आर्थिक क्षति हुने उदाहरणका रूपमा यस घटनालाई हेरिएको छ।
अब उक्त मुद्दामा विशेष अदालतको निर्णयले दोषी ठहरिने वा उन्मुक्ति पाउने विषय टुंगो लगाउनेछ। तर, यस घटनाले सार्वजनिक खरिद प्रक्रिया, परियोजना व्यवस्थापन र उत्तरदायित्व प्रणालीमा सुधारको आवश्यकता स्पष्ट रूपमा देखाएको छ।

जनहितमा जारी सन्देश
"बाल विवाह गैरकानुनी मात्र होइन, बालबालिकाको भविष्यमाथि प्रहार हो ।"
हामी सबैको कर्तव्य हो-
- बालबालिकालाई विद्यालय पठाउने ।
- उनीहरुको निर्णय लिन सक्ने उमेरसम्म कुर्ने ।
- बाल विवाहको विरोध गर्ने ।
"बाल विवाह होइन, शिक्षा र अवसर हाम्रो अधिकार"
"छोरी होस् वा छोरा-बाल विवाहबाट बचाऔँ, भविष्य उज्यालो बनाऔँ"
वीरगंज महानगरपालिका
द्वारा जनहितमा जारी सन्देश ।


जनहितमा जारी सन्देश
"बाल विवाह गैरकानुनी मात्र होइन, बालबालिकाको भविष्यमाथि प्रहार हो ।"
हामी सबैको कर्तव्य हो-
- बालबालिकालाई विद्यालय पठाउने ।
- उनीहरुको निर्णय लिन सक्ने उमेरसम्म कुर्ने ।
- बाल विवाहको विरोध गर्ने ।
"बाल विवाह होइन, शिक्षा र अवसर हाम्रो अधिकार"
"छोरी होस् वा छोरा-बाल विवाहबाट बचाऔँ, भविष्य उज्यालो बनाऔँ"
महागढीमाई नगरपालिका
द्वारा जनहितमा जारी सन्देश ।

जनहितमा जारी सन्देश
"बाल विवाह गैरकानुनी मात्र होइन, बालबालिकाको भविष्यमाथि प्रहार हो ।"
हामी सबैको कर्तव्य हो-
- बालबालिकालाई विद्यालय पठाउने ।
- उनीहरुको निर्णय लिन सक्ने उमेरसम्म कुर्ने ।
- बाल विवाहको विरोध गर्ने ।
"बाल विवाह होइन, शिक्षा र अवसर हाम्रो अधिकार"
"छोरी होस् वा छोरा-बाल विवाहबाट बचाऔँ, भविष्य उज्यालो बनाऔँ"
करैयामाई गाउँपालिका
द्वारा जनहितमा जारी सन्देश ।

जनहितमा जारी सन्देश
"बाल विवाह गैरकानुनी मात्र होइन, बालबालिकाको भविष्यमाथि प्रहार हो ।"
हामी सबैको कर्तव्य हो-
- बालबालिकालाई विद्यालय पठाउने ।
- उनीहरुको निर्णय लिन सक्ने उमेरसम्म कुर्ने ।
- बाल विवाहको विरोध गर्ने ।
"बाल विवाह होइन, शिक्षा र अवसर हाम्रो अधिकार"
"छोरी होस् वा छोरा-बाल विवाहबाट बचाऔँ, भविष्य उज्यालो बनाऔँ"
जीतपुरसिमरा उपमहानगरपालिका
द्वारा जनहितमा जारी सन्देश ।

# नागरिकता र राष्ट्रिय परिचयपत्र अब एउटै प्रक्रियामा, एकीकृत प्रणाली लागु



काठमाडौं, चैत ८ – नागरिकले अब एउटै प्रकृतिका व्यक्तिगत विवरणका लागि विभिन्न सरकारी कार्यालय धाउनुपर्ने झन्झटबाट मुक्ति पाउने भएका छन्। सरकारले नागरिकता र राष्ट्रिय परिचयपत्र सेवाबीचको प्रक्रिया एकीकृत गर्दै सेवा प्रवाहलाई थप सहज बनाउने व्यवस्था लागू गरेको छ।

गृह मन्त्रालय अन्तर्गत सञ्चालनमा रहेका केन्द्रिकृत नागरिकता व्यवस्थापन सूचना प्रणाली र राष्ट्रिय परिचय व्यवस्थापन सूचना प्रणालीबीच अन्तरआबद्धता ( इण्टरअपरेबिलिटी) सुरु भएसँगै सेवाग्राहीले अब छुट्टाछुट्टै फारम भर्नु नपर्ने भएको हो।

गृहमन्त्री ओमप्रकाश अर्याल ले जिल्ला प्रशासन कार्यालय ललितपुरको निरीक्षणका क्रममा यसबारे जानकारी दिँदै नागरिकमैत्री सेवा प्रवाहतर्फ यो महत्वपूर्ण कदम भएको बताए। उनका अनुसार, यस व्यवस्थाले सेवाग्राहीको समय मात्र होइन, आर्थिक लागतसमेत उल्लेखनीय रूपमा घटाउनेछ।

हालसम्म राष्ट्रिय परिचयपत्र बनाउन नागरिकहरूले अलग्गै आवेदन फारम भरेर बायोमेट्रिक विवरण दिन तोकिएका केन्द्रहरूमा जानुपर्ने बाध्यता थियो। अब भने नागरिकता प्रणालीमै समावेश भएका विवरणहरू प्रयोग हुने भएकाले दोहोरो प्रक्रिया हटाइएको छ।

सरकारका अनुसार, यो सेवा केही स्थानबाट सुरु भइसकेको छ र क्रमशः देशभर विस्तार गरिने योजना रहेको छ। सूचना प्रणालीहरूबीचको समन्वयले सेवा प्रवाहलाई छिटो, सरल र प्रभावकारी बनाउने अपेक्षा गरिएको छ।

यो पहलले प्रशासनिक झन्झट घटाउने मात्र होइन, डिजिटल शासन (डिजिटल गभर्नेन्स) तर्फको रूपान्तरणलाई समेत गति दिने विश्वास गरिएको छ।

# पोखरा विमानस्थल निर्माणमा भ्रष्टाचार मुद्दा : २३ जनाविरुद्ध अख्तियारको आरोपपत्र

***काठमाडौं, चैत ८ –*** अख्तियार दुरुपयोग अनुसन्धान आयोग ले पोखरा अन्तर्राष्ट्रिय विमानस्थल निर्माणमा व्यापक अनियमितता भएको ठहर गर्दै पूर्वसचिव केदारबहादुर अधिकारी सहित २३ जनाविरुद्ध भ्रष्टाचार मुद्दा दायर गरेको छ।




अख्तियारका अनुसार, उक्त निर्माण परियोजनामा संलग्न नेपाल नागरिक उड्डयन प्राधिकरण का तत्कालीन उच्च अधिकारीहरू तथा परामर्शदाता र ठेकेदार कम्पनीका प्रतिनिधिहरूले मिलेमतोमा राज्यलाई करिब ४६ करोड १५ लाख रुपैयाँ हानी पुर्‍याएका छन्। मुद्दा दायर गरिएका व्यक्तिहरूमा प्राधिकरणका तत्कालीन महानिर्देशकहरू, उपमहानिर्देशक, निर्देशक, प्रबन्धक तथा अन्य कर्मचारीहरू समावेश छन्। साथै परामर्शदाता कम्पनी र चिनियाँ ठेकेदार कम्पनीका प्रतिनिधिहरूमाथि पनि कारबाहीको दायरामा ल्याइएको छ।


अख्तियारको दाबी अनुसार, ठेक्का सम्झौतामै करिब २८ लाख अमेरिकी डलर बराबरको डिजाइन रिभ्यू तथा कन्स्ट्रक्सन सुपरभिजन कन्सल्ट्यान्टका लागि रकम छुट्याइएको थियो। तर सोही व्यवस्थालाई बेवास्ता गर्दै प्राधिकरणकै आन्तरिक बजेटबाट थप रकम खर्च गरी परामर्शदाता नियुक्त गरिएको पाइएको छ।

यस क्रममा ५० करोडभन्दा बढी रकम स्वीकृत गरी अनियमित रूपमा खर्च गरिएको तथा पछि करिब ४० करोडभन्दा बढी रकम भुक्तानीसमेत गरिएको अख्तियारले जनाएको छ। ठेक्का सम्झौतामा समावेश सेवाका लागि पुनः छुट्टै बजेट खर्च गर्नु बदनीयतपूर्ण निर्णय भएको आयोगको ठहर छ।

त्यसैगरी, लागत अनुमान

बाँकी तेस्रो पृष्ठमा

# दक्षिणको गिद्धे नजर लिपुलेक हुँदै भारत-चीन व्यापार पुनः सञ्चालनको तयारी, नेपालको भूभाग प्रयोगमा पुनः विवाद





काठमाडौं, चैत ८ – भारतले आगामी जुन महिनादेखि लिपुलेक भञ्ज्याङ हुँदै चीनसँग सीमा व्यापार पुनः सञ्चालन गर्ने तयारी थालेको छ। नेपाली भूमि समेटिएको उक्त नाकाबाट व्यापार थाल्ने भारतीय निर्णयले पुनः कूटनीतिक संवेदनशीलता बढाएको छ।

भारतीय सञ्चारमाध्यम टाइम्स अफ इन्डिया का अनुसार, सन् २०२० मा कोभिड-१९ महामारीका कारण बन्द गरिएको यो व्यापारिक मार्ग करिब ६ वर्षपछि पुनः सञ्चालनमा ल्याउन लागिएको हो। व्यापारिक गतिविधि जुनदेखि सेप्टेम्बरसम्म, अर्थात् गर्मीयाममा सञ्चालन गरिने योजना छ।

यो मार्ग भारतको उत्तराखण्ड हुँदै चीनको तिब्बत क्षेत्रसम्म जोडिन्छ। भारतले निर्माण गरेको सडक प्रयोग गरी व्यापार सञ्चालन गरिने बताइएको छ। तर उक्त मार्ग नेपाली भूभाग अन्तर्गत पर्ने लिपुलेक भञ्ज्याङ हुँदै जाने भएकाले यसले नेपालको सार्वभौमिकतासम्बन्धी प्रश्न फेरि उठाएको छ।

नेपालले लिपुलेक, कालापानी र लिम्पियाधुरा क्षेत्रलाई आफ्नो आधिकारिक नक्सामा समावेश गरिसकेको छ। यद्यपि सो क्षेत्र हाल भारतीय नियन्त्रणमा रहेको छ। नेपालले विगतमा पटक-पटक कूटनीतिक आपत्ति जनाए पनि भारत र चीनबीच उक्त नाकाको प्रयोग सम्बन्धी सहमति हुँदै आएको छ।

भारततर्फ पिथौरागढ जिल्लाका अधिकारी आशिष कुमार ले नाका सञ्चालनका लागि आवश्यक तयारी अघि बढाइएको बताएका छन्। उनका अनुसार सम्बन्धित निकायहरूसँग समन्वय बैठक सम्पन्न भइसकेको छ र व्यापारिक सिजनका लागि पूर्वाधार तथा प्रशासनिक व्यवस्था मिलाउने काम भइरहेको छ।

यसबीच, नेपालमा सरकार परिवर्तनको संक्रमणकालीन अवस्था रहेको बेला यस्तो निर्णय अघि बढ्नुले कूटनीतिक प्रतिक्रिया कस्तो आउने भन्ने चासो बढेको छ। नयाँ सरकार गठनपश्चात् नेपालको आधिकारिक धारणा स्पष्ट हुने अपेक्षा गरिएको छ।

अन्तर्राष्ट्रिय सम्बन्धको सन्दर्भमा पछिल्लो समय भारत र चीनबीच सम्बन्ध सुधारतर्फ उन्मुख देखिए पनि नेपाली भूभाग प्रयोग गरेर गरिने व्यापारिक गतिविधिले नेपालको भौगोलिक अखण्डता र कूटनीतिक अधिकारमाथि पुनः प्रश्न खडा गरेको छ। यस विषयमा नेपालले कस्तो कूटनीतिक पहल चाल्छ र आफ्नो दाबीलाई कसरी प्रस्तुत गर्छ भन्ने अबको मुख्य चासोको विषय बनेको छ।

# हरिसिद्धी इँटाभट्टा दुर्घटनामा परि एकको मृत्यु, चार घाइते



ललितपुर, चैत ८ – ललितपुर महानगरपालिका-८ हरिसिद्धीस्थित होसना इँटाभट्टामा भत्किएको वालले एक जनाको ज्यान लिएको छ भने चार जना घाइते भएका छन्।

जिल्ला प्रहरी परिसर ललितपुरका एसपी गौतम मिश्र का अनुसार, इँटाभट्टामा काम गर्ने रूकुम घर भइ काममा रहेका ५५ वर्षीय तिल्सरी खड्काको उपचारको क्रममा मृत्यु भएको हो।

घाइतेहरूलाई तत्काल नजिकैको मेडिसिटी र मोडल अस्पतालमा उपचारका लागि लगिएको थियो। घाइतेमा सल्यानकी २७ वर्षीया शान्ति कुँवर, रोल्पाकी ४६ वर्षीय नन्दकुमारी मगर र दाङकी १९ वर्षीया सुमा कुमाल रहेको जानकारी छ। रूकुमकी २७ वर्षीया जानकी चन्द लाई मोडल अस्पतालमा लगिएको छ।

प्रहरीले घटनास्थलको निरीक्षण गर्दै कारणको प्रारम्भिक अध्ययन सुरु गरेको छ। प्रारम्भिक अनुमान अनुसार भत्किएको वालको संरचनात्मक कमजोरीले यो दुर्घटना निम्त्याएको हुन सक्ने बताइएको छ। स्थानीयहरूले सुरक्षा मापदण्ड पालना नभएकोप्रति गुनासो गरेका छन् र जिम्मेवार पक्षविरुद्ध कडा कदम चाल्न माग गरेका छन्।

यस घटनाले इँटाभट्टा लगायत निर्माण स्थलमा श्रम सुरक्षा नियमको पालना कत्तिको महत्वपूर्ण छ भन्ने कुरामा पुनः ध्यानाकर्षण भएको छ।

# ज्येष्ठ सदस्यको भूमिकामा केसीको भोलि शपथ, त्यसपछि प्रतिनिधिसभा सञ्चालन



काठमाडौं, चैत ८ प्रतिनिधिसभाका ज्येष्ठ सदस्यका रूपमा निर्वाचित नेपाली कांग्रेसका नेता अर्जुननरसिंह केसी ले भोलि (सोमबार) पद तथा गोपनीयताको शपथ लिने भएका छन्। रामचन्द्र पौडेल ले राष्ट्रपति कार्यालय शीतल निवासमा बिहान सवा ११ बजे केसीलाई शपथ गराउने कार्यक्रम तय भएको छ।

कानुनी व्यवस्थाअनुसार ज्येष्ठ सदस्यले राष्ट्रपतिसमक्ष शपथ लिएपछि अन्य सांसदहरूलाई पनि शपथ खुवाउने अधिकार पाउनेछन्। सङ्घीय संसद् सचिवालयले चैत १२ गते दिउँसो २ बजे नव निर्वाचित प्रतिनिधिसभा सदस्यहरूको शपथ कार्यक्रम तय गरिसकेको छ। उक्त अवसरमा २७४ सांसदलाई केसीले नै पद तथा गोपनीयताको शपथ गराउनेछन्। सभामुख चयन नहुँदासम्म केसीले ज्येष्ठ सदस्यका रूपमा प्रतिनिधिसभाको बैठकको अध्यक्षता गर्दै संसदीय प्रक्रिया अगाडि बढाउने जिम्मेवारी समेत सम्हाल्नेछन्। यससँगै नयाँ प्रतिनिधिसभाको औपचारिक कामकारबाही सुरु हुने र संसदीय नेतृत्व चयनतर्फ प्रक्रिया अघि बढ्नेछ।

जनहितमा जारी सन्देश

“बाल विवाह गैरकानुनी मात्र होइन, बालबालिकाको भविष्यमाथि प्रहार हो ।”

हामी सबैको कर्तव्य हो-

- बालबालिकालाई विद्यालय पठाउने ।
- उनीहरुको निर्णय लिन सक्ने उमेरसम्म कुर्ने ।
- बाल विवाहको विरोध गर्ने ।

“बाल विवाह होइन, शिक्षा र अवसर हाम्रो अधिकार”

“छोरी होस् वा छोरा-बाल विवाहबाट बचाऔँ, भविष्य उज्यालो बनाऔँ”

फेटा गाउँपालिका

द्वारा जनहितमा जारी सन्देश ।

जनहितमा जारी सन्देश

“बाल विवाह गैरकानुनी मात्र होइन, बालबालिकाको भविष्यमाथि प्रहार हो ।”

हामी सबैको कर्तव्य हो-

- बालबालिकालाई विद्यालय पठाउने ।
- उनीहरुको निर्णय लिन सक्ने उमेरसम्म कुर्ने ।
- बाल विवाहको विरोध गर्ने ।

“बाल विवाह होइन, शिक्षा र अवसर हाम्रो अधिकार”

“छोरी होस् वा छोरा-बाल विवाहबाट बचाऔँ, भविष्य उज्यालो बनाऔँ”

सुवर्ण गाउँपालिका

द्वारा जनहितमा जारी सन्देश ।

सोनु सेकुवा कर्नर

पेट्रोल पम्पको ठिक पश्चिमपट्टि

प्रो. पिन्टु भाई

स्वादिलो मासाहारी परिकारको उत्कृष्ट गन्तव्य

यहाँ पाइने विशेष परिकारहरु:

- विभिन्न प्रकारका सेकुवा
- लोकल देखि ठूला माछाका स्वाष्टि परिकार
- ताजा मासुका खाजा तथा खाना
- स्वादिलो नेपाली खाना
- सफा तथा आरामदायी वातावरण
- परिवार र साथीभाइसँग आउन उपयुक्त
- सुपथ मूल्यमा उत्कृष्ट स्वाद

